## जानकी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २९ प्रमाणिकरण : २०७८।११।२०

प्रकाशन : २०७८।११।२२


भाग-२

# जानकी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई नीति,२०७८

## १. पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्य सेवालाई जनताको मौलिक हकको रूपमा स्थापित गरिसकेको सन्दर्भमा देशको स्वास्थ्य नीतिलाई समानुकूल प्रभावकारी कार्यान्वयन गर्नको लागि स्थानीय सरकारको स्वास्थ्य नीति तयार गर्नुपर्ने र संविधान तथा कानूनले प्रत्याभूत गरेका स्वास्थ्य सम्वन्धि अधिकार कार्यान्वय गर्नु गाउँपालिकाको समेत दायित्व हो भन्ने तथ्यलाई आत्मसात गर्दै स्थानीय सरकारका स्वास्थ्य नीतिहरु व्यवस्थित गर्नु पर्ने देखिन्छ । संङ्क्रामक रोगहरू नियन्त्रणमा प्राप्त उपलब्धिहरूलाई कायम राख्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, स्वास्थ्य सेवावाट पहुँचमा पुग्न नसकेका नागरिकलाई सेवाको क्षेत्रमा समेट्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, गरीब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु राज्यको प्रमुख दायित्व हो । यिनै प्रतिकुल अवस्थालाई आधार मानेर स्थानीय आवश्यकताको पहिचान गरी यस क्षेत्रका समस्यालाई न्युनिकरण गर्नु स्थानीय सरकारको जिम्मेवारी हो । जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी प्राप्त भएका उपलब्धिहरूको रक्षा गर्दै, स्वास्थ्य क्षेत्रका विद्यमान चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गर्दै नागरिकको स्वास्थ्य सेवालाई व्यवस्थित रुपमा संरक्षण, सुधार र पुनस्थापित गर्न प्रस्तुत “जानकी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई नीति २०७८” तर्जुमा गरी जारी गरिएको छ ।

## २. बिगतको प्रयास

- स्वास्थ्यमा सबै क्षेत्रका नागरिकको समतामूलक पहुँचको लागि सबै वडाहरुमा स्वास्थ्य चौकीहरु सन्चालन भएको ।
- सेवालाई थप प्रभावकारी बनाउनका लागि साइगाउ स्वास्थ्य चौकीमा ल्याब सेवा बिस्तार गरेको ।
- किटजन्य रोगहरुको निवारणको लागि विभिन्न कार्यक्रम सम्पन्न भएको ।
- विशिष्ट सेवाको लागि गाँउपालिकाको आफ्नै पहलमा स्वास्थ्य तथा आँखा शिविर संचालन ।
- स्वास्थ्य व्यवस्थापन सुचाना प्रणालीलाई ब्यवस्थित गर्न पालिका तथा सबै स्वास्थ्य संस्था स्तरबाट विद्युतिय प्रतिवेदन गर्ने प्रणालीको सुरु भएको ।
- आपुर्ती ब्यबस्थापनलाई ब्यबस्थित गर्न पालिका स्तरबाट e-LMIS System सुरु भएको ।
- औलो, क्षयरोग, कुष्ठरोग तथा अन्य सरुवा रोग र माहामारी नियन्त्रणको लागि विभिन्न कार्यक्रमहरु संचालन ।
- बाल स्वास्थ्य, सुरक्षित मातृत्व, परिवार नियोजन तथा उपचार सेवा गरिदै आएको ।
- जटिल रोग लागेका बिपन्न नागरिकहरुलाई नि:शुल्क स्वास्थ्य सेवाको लागि सिफारिस दिएको ।
- गाउँपालिकाभित्रै १५ शैयाको अस्पतालमा सन्चालन गर्नका लागि आवश्यक प्रक्रिया शुरु भइसकेको ।
- प्रेषण ब्यवस्थित गर्न एम्बुलेन्स सेवा बिस्तार ।

## ३. हालको अवस्था

वि.सं. २०७८ सालको जनगणना प्रारम्भिक नतिजा अनुसार जानकी गाउँपालिको कुल जनसंख्या ४६,५३६ रहेको छ ।  हाल गाँउपालिकामा ६ वटा स्वास्थ्य चौकीहरुबाट सेवा प्रवाह भइरेहेको छ भने ३ वटा स्वास्थ्य संस्थाहरुबाट मात्र सुत्केरी सेवा प्रदान गरिदै आएको छ । जानकी गाउँपालिकाको आ.ब. २०७७/७८ का महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई हेर्दा ५०.२ प्रतिशत आमाहरु मात्र स्वास्थ्यसंस्थामा प्रसुति भएको देखिन्छ जुन राष्ट्रिय लक्ष्य र अवस्थाभन्दा कमजोर हो । त्यस्तै अस्थायी परिवार नियोजनका साधनहरुको नयाँ प्रयोग दर १५ प्रतिशत छ । गत आ.ब.२०७७/७८ मा ५ जना मातृ मृत्य तथा ४ जना नवशिशुको मृत्य समेत भएको छ ।  करिब ७ प्रतिशतभन्दा बढि बच्चाहरु जन्मिदै कम तौलका जन्मिने गरेको देखिन्छ । यसरी हेर्दा समग्र रुपमा हरेक नागरिकको स्वास्थ्य स्तरमा सुधार ल्याउन अझै सबै तह र तप्काबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै सबैको पहुँचमा गुणस्तरिय स्वास्थ्य सेवालाई विस्तार गर्नु आजको टड्कारो आवश्यक्ता रहेको छ ।

## ४. बिद्यमान स्वास्थ्य समस्या, चुनौती तथा अवसरहरु

### ४.१ स्वास्थ्य समस्या

- संबिधानको भावना अनुसार सबै क्षेत्र, तह, तप्का, वर्ग तथा समुदायका नागरिकका लागि स्वस्थ्यसेवा सर्बसुलव पहुँचमा पुर्याउन सकिएको छैन ।
- कुपोषणको अवस्था ब्यापक रहेको छ ।
- बर्थिंग सेवा सबै स्वास्थ्य संस्थाहरुमा सन्चानल हुन सकेको छैन ।
- नसर्ने खालका रोगहरू बढ्दै गएको कारणले नसर्ने रोगहरू जस्तै मधुमेह, उच्च रक्तचाप, हृदय रोग, क्यान्सर जस्ता रोगहरु जनस्वास्थ्यको प्रमुख समस्याको रूपमा अगाडि आएको छ ।
- क्षय,कुष्ठ,औलो तथा अन्य निवारण गर्नु पर्ने रोगहरुको क्षेत्रमा चाहे जस्तो लक्ष्य प्राप्त गर्न नसकेको ।
- सुरक्षित मातृत्व सेवा अन्तरगत रहेको संस्थागत प्रसुति सेवा लक्ष अनुसार प्रगति गर्न नसकेको ।
- मातृ मृतु र शिशु मृत्युदरमा उल्लेख कमी आउन नसकेको ।
- किशोर किशोरी मैत्री सेवामा प्रभावकारीता प्राप्त गर्न नसकेको ।
- फाहोर मैला तथा दिशाजन्य फोहरको उचित ब्यबस्थापन,ढल निकासा,सुरक्षित पिउने पानीको उचित ब्यबस्था नभएको ।
- चुरोट, रक्सी तथा लागु औषध दुर्ब्यशन नियन्त्रणमा ल्याउन नसकेको ।
- गाँउपालिका भित्र रहेका पिछडिएका, गरिब, असहाय, स्वास्थ्य सेवाको पहुंचबाट टाढा रहेका नागरिकका लागि स्वास्थ्य उपचार सुलभ छैन । गम्भीर प्रकृतिको रोग लागेमा उपचार महँगो भई परिवार नै आर्थिक जोखिममा परी गरिबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकी घरैमा मृत्युवरण गर्नुपरेको अवस्था पनि विद्यमान छ ।
- वैकल्पिक उपचार पद्धतिको विकास, विस्तार र सदुपयोग हुन सकेको छैन ।
- विविध कारणले गर्दा पछिल्ला दिनहरूमा स्वास्थ्यकर्मी तथा स्वास्थ संस्थाहरूको सुरक्षामा असहजता देखिने गरेको छ ।

- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य उपचार, स्वास्थ्यमा वातावरणीय प्रभाव, व्यवसायजन्य सुरक्षा, किशोर किशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्य एवम् विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि पर्याप्त स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- प्राकृतिक विपद जस्तै बाढीले प्रत्येक वर्ष जनधनको क्षति हुने गरेको साथै प्राकृतिक विपदले निम्त्याउने महामारीको समस्या ।
- स्वास्थ्य क्षेत्रको विकासमा प्रतिवद्धता आए पनि लगानी पर्याप्त नहुनु, उपलब्ध श्रोत पनि समुचित सदुपयोग नहुनुका साथै नागरिकले पाएको स्वास्थ्य सेवा र त्यस सम्बन्धी ऐन नियमहरूको कार्यान्वयन सम्बन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- समुदाय स्तरका स्वास्थ्य संस्थाहरुमा निरन्तर औषधीको आपुर्तीमा समस्या ।
- नेपाल सरकारको मापदण्ड बमोजिम स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधार तथा व्यवस्थापकिय सामाग्री र औजारहरुमा कमी ।

## ४.२ चुनौती

- स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच स्थापित गर्नु ।
- समुदायमा जनचेतनाको कमीले गर्दा मातृ तथा शिशु मृत्यु कम गर्न ।
- निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सबै गाउपालिकावासीहरूलाई सर्बसुलभ रुपमा उपलब्ध गराउनु ।
- अति विपन्न र जोखिममा परेका नागरिकलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा उपलब्ध गराउनु ।
- स्वास्थ्य उपचारमा उच्च रहेका व्यक्तिगत खर्च घटाउनु तथा स्वास्थ्य बिमालाई प्रभावकारी रुपमा कार्यन्वयन गराउनु ।
- वित्तीय स्रोतको परिमाणको निर्धारण र उपलब्धता सुनिश्चितता गर्नु ।
- संघीय प्रणाली अनुरुप स्वास्थ्य संस्थाको स्थापना गरी सञ्चालन गर्नु ।
- स्वास्थ्य सुचना प्रणालीलाई थप व्यवस्थित, एकीकृत र प्रविधिमैत्री बनाउनु ।
- नीति निर्माण तथा निर्णय प्रक्रियामा तथ्यांकको प्रयोग बढाउनु ।
- स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा सुशासन कायम गर्नु ।

## ४.३ अवसरहरू

- संविधान प्रदत्त एकल तथा साझा अधिकारका सूची विस्तृतीकरण भई स्पष्ट रूपमा स्वास्थ्य सम्बन्धी पालिकाको अधिकार निर्धारण हुनु ।
- स्वास्थ्य बीमा जस्तो साहसिक कदम कार्यान्वयनमा अगाडि आउनु ।
- सबै तहले आ-आफ्नो स्रोतबाट स्वास्थ्यमा लगानी सुरु गर्नु ।
- सबै स्वास्थ्य संस्थाहरुबाट अनलाईन प्रतिवेदन शुरु हुनु ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउने कुरामा जोड दिनु ।
- प्रत्येक वडामा स्वास्थ्य संस्थाको स्थापना गर्ने गरी नेपाल सरकारको प्रतिवद्धता आएसँगै स्वास्थ्य संस्थाको संजाल विस्तार हुनु ।
- सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिती गठन हुनु ।

- स्वास्थ्य संस्थाहरुमा दरबन्दि अनुसारका कर्मचारीहरुको पदपुर्ती भएको साथै गाँउपालिकाले समेत बर्थिंग सेन्टर र ल्याबका लागि जनशक्तीको व्यवस्था गरेको ।
- परिवार.नियोजन तथा सुरक्षित मातृत्व सेवाका लागि सबै स्वास्थ्य संस्थामा कम्तीमा १ जना तालीम प्राप्त जनशक्तीको उपलब्धता हुनु ।
- स्वास्थ्य क्षेत्रमा कार्यरत संस्थाहरु संग समन्वय र सहकार्य गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने ।

## ५. गाउँपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ५.१ नीतिको औचित्य

स्वास्थ्य क्षेत्रले विगतमा केही दशकमा हासिल गरेका उपलब्धिहरूलाई दिगो बनाउँदै सेवामा अविछिन्नता कायम गरी हालका समस्या तथा चुनौतिहरूको सम्बोधन गर्नु पर्ने अवस्था रहेको छ । जानकी गाउँपालिकाको सामाजिक, आर्थिक परिस्थिति एवं संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारसँग समिप्यता राख्ने गरी मार्ग निर्देशन गर्न यो नीतिको तर्जुमा अपरिहार्य रहेको छ । स्वास्थ्य क्षेत्रमा ब्याप्त असममानता, असमावेशीता, भेदभाव उन्मूलन गरी समतामूलक स्वास्थ्य सेवा सुनिश्चित तथा स्वास्थ्य सेवा पहुँचयोग्य, उपलब्धता, सर्वस्विकार्य र गुणस्तरीय बनाउदै नेपालले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई संवोधन गर्नका लागि एबं नेपालले सहस्राब्दी विकासका लक्षहरुमा प्राप्त सफलतालाई कायम राख्दै दिगो विकासको लक्ष हासिल गर्नका लागि समेत यो नीति अपरिहार्य छ ।

### ५.२ निर्देशक सिद्धान्त

गाउँपालिकावासीको स्वास्थ्यसम्बन्धी हक र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न देहायका निर्देशक सिद्धान्तहरूको आधारमा यो नीति प्रतिपादन गरिएको छः
(क) पहुँचमा व्यापकता, सेवामा गुणस्तरीयता ।
(ख) लगानीमा पर्याप्तता, व्यवस्थापनमा कुशलता ।
(ग) बहुक्षेत्रीय समन्वय, सहकार्य तथा जनसहभागिता ।
(घ) आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन तथा समुचित व्यवस्थापन ।
(ङ) सामाजिक सुरक्षाका कार्यक्रममा सुदृढ सामञ्जस्यता ।
(च दक्ष स्वास्थ्य मानव संसाधनको उत्पादन तथा समूचित व्यवस्थापन र सामाजिक उत्तरदायित्व ।
(छ) स्वास्थ्य सेवामा पुनर्संरचना ।

### ५.३ भावी सोच (Vision)

यस जानकी गाउँपालिकाका सबै नागरिकहरु शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

## ५.४ ध्येय (Mission)

उपलब्ध साधन स्रोतको अधिकतम प्रयोग गरी सम्बन्धित संघीय मन्त्रालय, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही तथा सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

## ५.५ लक्ष्य (Goal) :

गाउँपालिकाका सबै नागरिकहरु विशेष गरी महिला, दलित, जनजाति तथा बञ्चितिमा परेकाहरुको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बृद्धि गरी समतामुलक, न्याय सङ्गत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने ।

## ५.७ उद्देश्यहरू (Objectives)

(क) गाउँपालिकाबासीलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने तथा आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित हुन नपर्ने वातावरण सृजना गर्ने ।

(ख) सबै वडाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधी, औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(ग) स्वस्थ जीवन शैली प्रवर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकूल असर पार्ने मानवीय तथा वातावरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकूल वातावरण सृजना गर्ने ।

(घ) प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्धन र नियमन गर्ने ।

(ङ) स्वास्थ्य सेवा प्रवाहमा सुशासन कायम गर्दै बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्धन गर्ने ।

## ७. नीतिहरु :

जानकी गाउँपालिकाको विशिष्टीकृत भौगोलिक, सामाजिक, सांस्कृतिक तथा स्वास्थ्य सेवाका अन्य समस्या र चुनौतीहरूलाई सम्बोधन गरी नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदानगर्न गाउँकार्यपालिकाले देहायका नीतिहरू अवलम्बन गरेको छ :

७.१ सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा अविच्छिन्न प्रवाह गरिनेछ ।

७.२ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई जनमैत्री, जवाफदेही एवं परिणाममूखी बनाइनेछ ।

७.३ समयानुकूल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, सामाग्री, औजार तथा उपकरणहरुको उचित व्यवस्था गरिनेछ ।

७.४ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाउँपालिकाद्वारा जनस्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरिनेछ र आवश्यकता अनुसार सामुदायिक, निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारी गरिनेछ ।

७.५ तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकिकृत गरी सुदृढ र प्रविधि मैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्धन गरिनेछ ।

७.६ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको विकास तथा ब्यवस्थापन गरिनेछ ।

७.७ पोषण स्थितिलाई सुधार गर्न स्वास्थ्य बर्धक खाद्य पदार्थको उत्पादन, सुरक्षा, प्रवर्धन, पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।

७.८ आयूर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतीहरुलाई विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाहलाई ब्यवस्थित गरिनेछ ।

७.९ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र ब्यवस्थापन गरी गाउँपालिकाबासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।

७.१० जनस्वास्थ्यको आपतकालिन अवस्था तथा अन्य महामारी, विपद वा प्रकोपको असरहरुको न्यूनीकरण, प्रतिकार्य एवं पूनःस्थापना बहुपक्षीय सहकार्यद्वारा उचित व्यवस्थापन गरिनेछ ।

७.११ सामाजिक, आर्थिक, भौगोलिक तथा साँस्कृतिक हिसाबले पछाडि वा बञ्चितीमा परेका महिला, दलित, जनजाति, ज्येष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच र उपभोग सुनिश्चित गरी सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरिनेछ ।

७.१२ सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ ।

७.१३ स्वास्थ्य क्षेत्रका प्रगति एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धि हाँसिल गर्न तथा सेवाको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन, सुपरिवेक्षण तथा नियमन गरिनेछ ।

७.१४ बिभिन्न सरुवा रोग, कीटजन्य रोग, पशुपन्छीजन्य रोग जस्ता रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।

७.१५ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तीजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागुपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई नियन्त्रण तथा निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।

## ७. नीति अन्तर्गत रणनीतिहरु

**नीति १ : सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।**

७.१.१ राष्ट्रिय मापदण्ड बमोजिमका स्वास्थ्य संस्थाहरु गाउँपालिकाको सवै वडाहरुमा स्थापना गरी निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइनेछ । र साथै जानकी गाउँपालिकाका गर्भवती,सुत्केरी महिलालाई उपचारको क्रममा कोहलपुर,नेपालगंज,जानकी गाउँपालिकाका बर्थिंग सेन्टरहरुमा एम्बुलेन्स सेवा प्रयोग गरे बापत निशुल्क सेवा प्रदान गरिनेछ |र अन्य सेवाग्राहीहरुलाई एम्बुलेन्स सेवा संचालित व्यवस्थापन तथा अनुगमन समितिले निर्णय गरे बमोजिम रहनेछ |

७.१.२ भूगोल र जनघनत्वका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा थप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।

७.१.३ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिनेछ ।

७.१.४ भेरी अस्पताल लगायत अन्य उपल्लो तहको स्वास्थ्य संस्थासँग समन्वय वृद्धि गर्दै दोहोरो प्रेषण प्रणालीलाई सुदृढ गरिनेछ ।

७.१.५ तोकिएको आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता तथा गुणस्तर अभिवृद्धिका लागि संघ तथा प्रदेशसँग आवश्यक समन्वय, सहकार्यमा स्रोत व्यवस्थापन र परिचालन गरिनेछ ।

७.१.७ सुरक्षित मातृत्वको लागि प्रेषण सेवालाई थप प्रभावकारी बनाउन सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सुत्केरी सेवा (Emergency Obstetric Care (EOC) कोषको व्यवस्था गरिनेछ ।

७.१.७ समुदाय तथा विद्यालयहरुमा आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन रोमिङ नर्स, विद्यालय नर्स, स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यबस्था साथै स्वास्थ्य आमा समूह, टोल विकास समिति जस्ता संस्था तथा आम नागरिकहरु प्रभावकारी परिचालन गरिनेछ ।

७.१.८ बिरामी, घाइते तथा अशक्त व्यक्तिलाई स्वास्थ्य संस्था समक्ष पुऱ्याउन प्रत्येक वडामा एम्बुलेन्स लगायतका अन्य आवश्यक साधनको व्यवस्था गरिनेछ ।

७.१.९ आवश्यक पूर्वाधार सहितको खोप क्लिनिक तथा गाँउघर क्लिनिक सेवालाई नियमित गरिनेछ ।

७.१.१० आम जनतालाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न यस गाउँपालिकामा १५ शैया सम्मको प्राथमिक अस्पतालको स्थापना गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

७.१.११ प्रदेशसँगको सहकार्य तथा समन्वयमा पालिकामा आवधिक रुपमा शल्यक्रिया सहितको विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

**नीति २ : स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममुखी बनाइने छ ।**

७.२.१ स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो, उजुरी तथा सुझावहरु सङ्कलन गर्ने तथा त्यसको छिटो सम्बोधन हुने प्रणालीको विकास गरिनेछ ।

७.२.२ सामाजिक लेखापरिक्षण, सार्बजनिक सुनुवाई, नागरिक बडापत्र लगायतका अन्य सुशासन प्रवर्धन गर्ने विधिको अवलम्बन गरिनेछ ।

७.२.३ सुचना मैत्री स्वास्थ्य संस्था तथा दक्ष एवं जिम्मेवार स्वास्थ्यकर्मीको अवधारणामा सेवाग्राहीको उपचार सम्बन्धी जानकारी पाउने हक र गोपनियताको सुरक्षा गरिनेछ ।

७.२.४ स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षाको लागि उचित व्यवस्था गरिनेछ ।

७.२.५ स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरी सकृय, सशक्त एवं जिम्मेवार बनाउनुका साथै समितिको बैठक नियमित गरी स्वास्थ्य संस्थाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

**नीति ३ : समयानुकूल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्य संस्थामा आवश्यक पूर्वाधार, औषधी, स्वास्थ्य उपकरण तथा औजारहरुको उचित व्यवस्था गरिनेछ ।**

७.३.१ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

७.३.२ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधी, औजार उपकरणको सूची तयार गरी समयमानै खरिद, आपूर्ती, भण्डारण, बितरण तथा नियमित मर्मतसम्भार र व्यवस्थापनको कार्यलाई सुदृढ गरिनेछ ।

७.३.३ प्रत्येक स्वास्थ्य संस्थामा क्रमशः मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना तथा बिस्तार गर्दै लगिनेछ ।

७.३.४ स्वास्थ्य संस्थामा खानेपानी, शौचालय, बिजुली, इन्टरनेट सेवा लगायत मापदण्ड अनुसारको फोहोरमैला बिसर्जनको व्यवस्था गरिनेछ ।

७.३.५ आपूर्ती व्यवस्थापनलाई चुस्त बनाउन आपूर्ती व्यवस्थापना सूचाना प्रणालीलाई सुदृढ बनाईनुका साथै पालिका देखि स्वास्थ्य संस्था स्तर सम्म विस्तार गरिदै लगिनेछ ।

७.३.६ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने जनस्वास्थ्य कार्यक्रमका तोकिएका औषधी तथा औषधी जन्य सामाग्रीहरु तथा सेवाहरुमा गाउँपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलब्ध गराईनेछ ।

७.३.७ स्वास्थ्य संस्थाहरुमा सङ्क्रमण रोकथाम तथा नियन्त्रण कार्य राष्ट्रिय निर्देशिका अनुसार लागु भएको सुनिश्चित गरिनेछ ।

**नीति ४: स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न जनस्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी वृद्धि गर्दै व्यवस्थित गरिनुका साथै सामुदायिक, निजी तथा गैरसरकारी क्षेत्रसँग आवश्यक सहकार्य तथा साझेदारी गरिनेछ ।**

७.४.१ गाउँपालिका स्वास्थ्य नीतिको प्रभाबकारी कार्यान्वयनका लागि दिगो विकास लक्ष्य अनुरुप गाउँपालिकाको स्वास्थ्य क्षेत्रको बजेटलाई बृद्धि गर्दै बार्षिक बजेटको कम्तीमा १० प्रतिशत सम्म पुऱ्याईनेछ ।

७.४.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई यस गाउँपालिकामा विस्तार तथा प्रभावकारी तुल्याईनेछ । अति गरिब, विपन्न तथा लोप उन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ ।

७.४.३ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई व्यवस्थित तथा प्रोत्साहन गर्न सार्वजनिक-निजी साझेदारी रणनीति बनाई लागु गरिनेछ ।

७.४.४ गाउँपालिकामा स्वास्थ्य क्षेत्रको विकासमा निजी क्षेत्रलाई आमन्त्रित गरी सेवामूलक बनाउन प्रेरित गरिनेछ ।

**नीति ५ : तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकिकृत गरी सुदृढ र प्रविधि मैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।**

७.५.१ प्रत्येक स्वास्थ्य संस्थाहरुमा बिद्युतीय/अनलाइन प्रतिवेदन गर्ने व्यवस्थाको दिगो व्यवस्थापन गरिनेछ ।

७.५.२ गाउँपालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरिनेछ ।

७.५.३ तथ्याङ्कको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरिनेछ ।

७.५.४ स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाहको अभिलेख राख्ने तथा प्रतिवेदन गर्ने HMIS तथा LMIS का रजिष्टर, फारम तथा फरमेटहरु वर्ष भरी उपलब्ध भएको सुनिश्चित गरिनेछ ।

७.५.५ गाउँपालिकाको विधुतिय स्वास्थ्य प्राश्चवचित्रको तयारी तथा नियमीत अध्यावधिक गर्ने व्यवस्था गरिनेछ ।

७.५.६ गाउँपालिकाको वार्षिक स्वास्थ्य योजना तर्जुमा गर्दा स्वास्थ्यको सुचना प्रणालीबाट उपलब्ध तथ्याङ्क तथा अध्ययनमा आधारित भएर तथ्यपरक योजना निर्माण गर्ने तथा तथ्याङकिय विश्लेषण तथा व्याख्याको आधारमा निर्णय लिने पद्धतिको विकास गरिनेछ ।

७.५.७ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलब्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत बिद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने उचित व्यवस्था गरिनेछ ।

७.५.८ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धनात्मक कार्यलाई व्यवस्थित गर्न गाउँपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धनात्मक कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने तथा अध्ययन तथा अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना माफर्त कार्यान्वयन गरिनेछ ।

७.५.९ सबै निजी तथा गैरसरकारी संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुको अभिलेख तथा प्रतिवेदन सङ्कलन गरिने व्यवस्था गरिनेछ ।

**नीति ६ : स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको विकास तथा ब्यवस्थापन गरिनेछ ।**

७.६.१ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तब्य प्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ । सबै कर्मचारीहरुको कार्य विवरणको आधारमा कार्य मुल्यांकन गर्ने र सम्मान गर्ने प्रणाली लागु गरिने छ ।

७.६.२ स्वास्थ्य सेवालाई गाउँपालिकाको परिवेश अनुकूल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी वैज्ञानिक आधारमा सङ्गठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।

७.६.३ स्वास्थ्य क्षेत्रमा स्रोतको समुचित परिचालन गर्दै समयानुकूल स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिनेछ ।

७.६.४ स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ ।

७.६.५ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धिको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रवर्धन गरिनेछ ।

७.६.६ लैंगिक समानता र सामाजिक समाबेशीकरणको सिद्धान्तमा आधारित मानब संशाधन योजना एबम कार्यविधि तयार गरिने छ र यसकै आधारमा कर्मचारीको नियुक्ति र पदस्थापना गरिने पद्धति लागु गरिने छ ।

७.६.७ महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समय सापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्धनका लागि निरन्तर परिचालन गरिनेछ । ६० बर्ष उमेर पुगेका वा लेखपढ गर्न नजान्ने वा शारीरिक तथा मानसिक अशक्तता भएका वा काम गर्न नचाहने वा निस्कृय महिला स्वास्थ्य

स्वयं सेविकाहरुलाई सम्मानजनक बिदाई गरी अब उप्रान्त कम्तीमा आठ कक्षा पास गरेको सम्बन्धीत वडाबासी विवाहित महिलालाई महिला स्वास्थ्य स्वयंसेविका छनोट गरिने व्यवस्था गरिनेछ ।

**नीति ७ : पोषण स्थितिलाई सुधार गर्न स्वास्थ्य बर्धक खाद्य पदार्थको उत्पादन, सुरक्षा, प्रवर्धन, पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।**

७.७.१ पोषण संवेदनशिल कृषि उत्पादन तथा उपभोगको प्रवर्धन गर्न कृषि क्षेत्र लगायत सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र पैरवी गरी स्थानीय स्तरमा उत्पादन हुने स्वास्थ्यवर्धक रैथाने खाद्य वस्तुको प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

७.७.२ प्रत्येक परिवारलाई सम्भव भए सम्म करेसाबारी निर्माण तथा खानामा विविधिकरण गरी प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।

७.७.३ पोषणयुक्त दिवा खाजा, बालपौष्टिक आहार लगायतका रैथाने कृषि उत्पादनमा आधारित खाद्यपदार्थ उत्पादनका लागि प्रोत्साहन गरिनुका साथै सोको गुणस्तर कायम गर्ने प्रावधान बनाइनेछ ।

७.७.४ बहुक्षेत्रीय पोषण योजना, शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम लगायतलाई गाउँपालिकाको परिवेश अनुकूल बनाई कार्यान्वयन गरिनेछ ।

७.७.५ स्वास्थ्यमा नकारात्मक असर पार्ने आहार सेवन र पत्रु खाना (जंक फुड) को बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित तथा नियमन गरिनेछ ।

७.७.६ दुई वर्ष मुनिका बालबालिकाको नियमित वृद्धि अनुगमन गरिनेछ साथै पहिचान भएका कुपोषित बालबालिकाहरुको उपचार तथा पूर्नस्थापनाका लागि आवश्यकता अुसार पोषण पूर्नस्थापना सेवा केन्द्र स्थापना, सुदृढीकरण एवं बिस्तार गरिनेछ ।

७.७.७ दुग्ध जन्य, मासु जन्य तथा अन्य खाद्य पदार्थको तोकिएको मापदण्ड अनुसारको गुणस्तर कायम गर्न आवश्यक अनुगमन तथा नियमन गरिनेछ ।

**नीति ८ : आयूर्वेद तथा प्रचलित बैकल्पिक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।**

७.८.१ आधारभूत आयुर्वेद एवं बैकल्पिक चिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघसँगको समन्वयमा आवश्यक संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।

७.८.२ राष्ट्रिय स्वास्थ्य कार्यक्रमसँग एकिकृत गर्दै आयूर्वेद एवं बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरिनेछ ।

७.८.३ वैकल्पिक चिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ ।

**नीति ९ : वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकूल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाइ र स्वच्छतालाई प्रोत्सहान, प्रवर्धन र ब्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।**

७.९.१ खुला दिशामुक्त गाउँपालिकाबाट पूर्ण सरसफाइ युक्त नगरपालिका बनाईनेछ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

७.९.२ गाउँपालिका भित्र जल, वायु, ध्वनी, भूमि लगायत अन्य वातावरणीय प्रदुषण नियन्त्रण गर्नका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

७.९.५ समुदाय, स्वास्थ्य संस्था तथा विद्यालयमा स्वच्छ खानेपानी तथा उचित सरसफाइको व्यवस्था गरिनेछ । यसका लागि खानेपानी तथा सरसफाई मापदण्ड बनाई लागु गरिनेछ ।

७.९.६ मौसम तथा जलवायु परिवर्तन साथै काम र कार्यस्थलको वातावरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्ने हानिबाट बचाउन सरकारी तथा गैरसरकारी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी सञ्चालन गरिनेछ ।

७.९.७ सर्वब्यापी सावधानीको अवधारणालाई अनुसरण गरी स्वास्थ्यजन्य लगायत अन्य फोहोरमैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरुसँगको सहकार्यमा उचित किसिमले फोहोर मैला सङ्कलन, वर्गीकरण र विसर्जनको व्यवस्था गरिनेछ ।

७.९.८ कीटनाशक विषादीको प्रयोगलाई नियमन तथा औद्योगिक रसायनको समुचित विसर्जन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

७.९.९ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुन सक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईनेछ ।

७.९.१० व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवन बिमा भएको सुनिश्चित गरिनेछ ।

**नीति १० : जनस्वास्थ्यको आपतकालिन अवस्था तथा अन्य महामारी, विपद वा प्रकोपको असरहरुको न्यूनीकरण, प्रतिकार्य एवं पूनःस्थापना बहुपक्षीय सहकार्यद्वारा उचित व्यवस्थापन गरिनेछ ।**

७.१०.१ महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा गाउँपालिका प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

७.१०.२ गाउँपालिका तथा वडा स्तरीय स्वास्थ्य क्षेत्र आपतकालिन पूर्व तयारी एवं प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

७.१०.३ सम्भावित विपद वा प्रकोपको व्यवस्थापन कार्यका लागि प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिका स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र (Municipal Health Emergency Operation Centre) स्थापना गरी गाउँपालिका देखि वडा तहसम्म द्रुत प्रतिकार्यका लागि तोकिएको मापदण्ड अनुरुप संयन्त्र बनाई परिचालन गरिनेछ ।

७.१०.४ सम्भावित विपद वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थान वा स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधी तथा सामग्रीहरुको बफर स्टक राख्ने व्यवस्था गरिनेछ ।

७.१०.५ गाउँपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली (RRT) तथा प्रदेश सरकारसँगको समन्वयमा आकस्मिक चिकित्सकीय टोली (Emergency Medical Team) गठन गरी अन्य उद्दार टोलीसँग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरिनेछ ।

७.१०.६ दुर्घटना लगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

७.१०.७ सरुवा रोगको निरन्तर निगरानी गरी नियन्त्रण, निवारण र उन्मूलनको लागि प्रभावकारी उपाय अवलम्बन गरिनेछ ।

**नीति ११ : सामाजिक, आर्थिक, भौगोलिक तथा साँस्कृतिक हिसाबले पछाडि वा वञ्चितीमा परेका महिला, दलित, जनजाति, ज्येष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएका वा अन्य व्यक्ति लगायत सीमान्तकृत समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच र उपभोग सुनिश्चित गरी सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरिनेछ ।**

७.११.१ गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्था बाल मैत्री, अपाङ्ग मैत्री, ज्येष्ठ नागरिक मैत्री तथा किशोरकिशोरी मैत्री बनाइनेछ ।

७.११.२ स्वास्थ्य बिमा तथा सामाजिक सुरक्षा कार्यक्रम लगायत अन्य योजनाहरु मार्फत गुणस्तरीय स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको स्वास्थ्य सेवामा पहुँच सुनिश्चितता गरिनेछ ।

७.११.३ पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलव्ध हुने व्यवस्था मिलाईनेछ ।

७.११.४ महिला, दलित, जनजाति जस्ता लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समुदायका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकता दिई सोही समुदायमा परिचालन गर्ने योजना बनाई लागु गरिनेछ ।

७.११.५ लैङ्गिक हिंसाको रोकथाम तथा त्यस्तो हिंसाबाट पीडित व्यक्तिहरुलाई आवश्यक पर्ने स्वास्थ्य सेवाको लागि उचित प्रवन्ध गरिनेछ ।

**नीति १२ : सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ ।**

७.१२.१ घरैमा सुत्केरी हुने दरलाई शून्यमा झारी गाउँपालिकालाई शतप्रतिशत संस्थागत सुत्केरी हुने गाउँपालिकाको रुपमा सुनिश्चित गरिनेछ ।

७.१२.२ गाउँपालिका भित्र सञ्चालित बर्थिङ सेन्टरहरुलाई मानव स्रोत र भौतिक साधन सम्पन्न बनाइनुका साथै आवश्यक्ता अनुसार थप बर्थिङ सेन्टरहरुहरुको स्थापना गरिनेछ । सुत्केरी कक्ष तथा कुरुवा कक्ष (Waiting Room) को स्थापना तथा व्यवस्थापन गरिनेछ ।

७.१२.३ नवजात शिशु स्वास्थ्य संरक्षणका लागि गाउँपालिका भित्रका स्वास्थ्य संस्था स्तर अनुसार New Born Corner लगायतका सेवा सुविधा विस्तार गरिनेछ ।

७.१२.४ मातृ मृत्युदर, नवजात शिशु मृत्युदर र बाल मृत्युदरलाई न्यूनीकरण गर्न विशेष जोड दिईनेछ ।

७.१२.५ नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७.१२.६ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै गाउँपालिका तहको प्राथमिक अस्पतालमा नवजात शिशु सेवा बिस्तार गरिनेछ ।

७.१२.७ महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागु गरिनेछ ।

७.१२.८ सबै संस्थागत मातृ मृत्यु तथा नवजात शिशु मृत्युको कारण पुनरावलोकन गर्ने पद्धति ( Maternal and Perinatal Death Surveillance and Response (MPDSR)) लाई अनिवार्य तथा प्रभावकारी कार्यानवयन गराईनेछ । समुदाय स्तरमा भएका मातृ तथा नवजात शिशु मृत्युहरुको Verbal Autopsy गरिनेछ ।

७.१२.९ हाल सञ्चालित राष्ट्रिय विस्तारित खोप कार्यक्रमलाई सुदृढ गरी यस गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका बनाईनेछ ।

७.१२.१० सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित गर्दै गुणस्तरीय र प्रभावकारी बनाईनेछ । लैंगिक पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ ।

७.१२.११ परिवार नियोजनका अस्थायी साधनको नियमित एवं निरन्तर आपूर्ति सुनिश्चित गरी आवश्यकता अनुसार स्थायी बन्ध्याकरण शिविरको सञ्चालन गरिनेछ ।

७.१२.१२ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ ।

७.१२.१३ सरोकारवालासँगको सहकार्यमा एक विद्यालय एक नर्सको अवधारणा, महिनावारी स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम, स्वास्थ्य परिक्षण जस्ता विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रवर्धन गरिनेछ ।

**नीति १३ : स्वास्थ्य क्षेत्रका प्रगति एवं उपलब्धिहरुलाई संस्थागत गर्दै थप उपलब्धि हाँसिल गर्न तथा सेवाको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन, सुपरिवेक्षण तथा नियमन गरिनेछ ।**

७.१३.१ स्वास्थ्य सेवाको पहुँच नभएका क्षेत्रमा प्रभावकारी रुपमा स्वास्थ्य सेवा पुर्‍याउन निजी तथा गैरसरकारी संस्थाहरूसँग आवश्यक साझेदारी गरिनेछ ।

७.१३.२ गाउँपालिका भित्र कानुन बनाई सबै प्रणालीका उपचार सेवा, निदानात्मक सेवा, प्रयोगशाला सेवा, जस्ता सेवा प्रदायक निजी स्वास्थ्य संस्थाको दर्ता तथा सञ्चालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था गरिनेछ ।

७.१३.३ गाउँपालिकामा निर्माण हुने हरेक क्षेत्रगत नीतिमा स्वास्थ्यको विषयलाई महत्वका साथ समाबेश गरिनेछ ।

७.१३.४ स्वास्थ्य क्षेत्रमा अधिकतम प्रतिफल प्राप्त गर्न बहुक्षेत्रीय समन्वय र सहकार्य प्रणाली स्थापना गरी अन्तर संस्थागत समन्वय सुनिश्चित गरिनेछ ।

७.१३.५ स्वास्थ्य क्षेत्रको समग्र अनुगमन, सुपरिवेक्षण तथा मूल्याङकन गर्न एक अनुगमन, सुपरिवेक्षण तथा मूल्याङकन निर्देशिका तयार गरिनेछ र सोहि अनुसार नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङकन गर्ने पद्दतीको विकास गरिनेछ ।

**नीति १४ : बिभिन्न सरुवा रोग, कीटजन्य रोग, पशुपन्छीजन्य रोग जस्ता रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।**

७.१४.१ क्षयरोग, एचआइभी र एड्स, औलो, कालाजार लगायतका रोगहरूको निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मुलनको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७.१४.२ पशुपन्छीजन्य र कीटजन्य रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि उचित व्यवस्था गरिनेछ ।

७.१४.३ झाडा-पखाला, टाईफाईड, फ्लू तथा कोभिड १९ जस्ता रोगहरुको रोकथाम तथा उपचारको उचित व्यवस्था गरिनेछ ।

**नीति १५ : नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तीजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागुपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई नियन्त्रण तथा निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।**

७.१५.१ तोकिए बमोजिमका अवस्थाको समयमै नसर्ने रोगको पहिचान गर्न आवश्यक स्वास्थ्य संस्थामा स्क्रिनिङ्ग सेवा सञ्चालन गरिनेछ ।

७.१५.२ प्रमुख नसर्ने रोगहरुको रोकथाम र व्यवस्थापनका लागि WHO Package of Essential Non-Communicable (PEN) Disease Interventions लाई विस्तार गर्दै सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरिनेछ ।

७.१५.३ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनको लागि प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गर्नका लागि आधुनिक तथा वैकल्पिक चिकित्सा पद्धतीबाट मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरिनेछ ।

७.१५.४ लागु पदार्थको नियन्त्रण, मदिरा तथा सुर्तीजन्य पदार्थको विक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गर्दै बहुक्षेत्रीय सहकार्यमा नियमन गरिनेछ ।

७.१५.५ स्वस्थ सकारात्मक व्यवहार परिवर्तन तथा स्वास्थ्य प्रवर्धनको लागि समुदायका राजनीतिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरिनेछ ।

७.१५.६ स्वास्थ्य प्रवर्धनको लागि स्वस्थ आहार विहार, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु आवश्यकता अनुसार स्थापना गरिनेछ ।

७.१५.७ विभिन्न सञ्चार माध्यमहरु मार्फत जनचेतनामुलक स्वास्थ्य सन्देशहरु नियमित प्रवाह गरिनेछ ।

## ८. संस्थागत संरचना

८.१. निती कार्यान्वयनको लागि जानकी गाउपालिकाको नेतृत्वमा स्वास्थ्य शाखा रहने छ । नितिमा उल्लेख भएका स्वास्थ्य सेवा प्रवाहका लागि प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थालाई व्यवस्थित र स्तरोन्नती गर्दै लगिने छ । विशिष्ट सेवाको लागि १५ शैयाको अस्पतालमा स्तरोन्नती गरी क्रमशः बिशेषज्ञ स्वास्थ्य सेवा थप गरिदै लगिने छ ।

८.२. प्रत्येक वडामा रहने स्वास्थ्य संस्थामा स्वास्थ्य संस्था संचालनका लागि स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समिति रहने छ ।

८.३. प्रत्येक वडाको स्वास्थ्य संस्था अन्तरगत आबश्यक्ता अनुसार गाउँघर क्लिनिक र खोप क्लिनिक संचालन गर्न भवन बनाइनेछ ।

८.४. स्वास्थ्य सेवा संचालनका लागि प्रत्येक वडामा जनसंख्या र आवश्यकताको आधारमा महिला स्वास्थ्य स्वयंसेविका रहने ब्यबस्था गरिने छ ।

८.५. प्राथमिकता प्राप्त स्वास्थ्य कार्यक्रमबाट स्वास्थ्यका सुचाङ्कहरुमा उत्कृष्ट नतिजा प्राप्तीका लागि स्वास्थ्य उप समितिहरु गठन गर्न सकिने छ ।

## ९. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः जानकी गाउपालिकाको नियमित स्वास्थ्य बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्देश्य हासिल गर्न सबै शाखाहरुसंग तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडि ल्याइनेछ । नेपाल सरकार, प्रदेशसरकार र स्थानीय सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरू सम्बोधन हुनेछन् । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्था, संयुक्त राष्ट्र संघीय निकाय र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक स्रोत व्यवस्थापन गरिनेछ ।

## १०. अनुगमन र मुल्याङ्कन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा तथा प्रतिफल प्राप्तिको मूल्याङ्कन गर्ने दायित्व जानकी गाउँपालिकाको हुनेछ । यसको लागि जानकी गाउँपालिका स्वास्थ्य शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । स्थानीय तह एवं अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामूलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ

## ११. जोखिम

संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रूपमा स्थापित गरेको र **नेपाल** संघीय संरचनामा गएको विशिष्ट परिस्थितिमा सुदृढ एवं सक्षम स्वास्थ्य प्रणाली मार्फत समतामूलक गुणस्तरीय सेवा प्रदान गरी जानकी गाउपालिकाको स्वास्थ्य अवस्थामा फड्को मार्ने उद्देश्यले ल्याइएको यो नीतिले अपेक्षित प्रतिफल दिन अत्यावश्यक पर्ने अन्तरसरकारी समन्वय तथा यथेष्ट स्रोतसाधनको व्यवस्थापन हुन नसकेमा नीति र अन्तर्गतका रणनीतिहरूको कार्यन्वयनमा कठिनाई हुन सक्ने जोखिम रहेको छ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत